# जागृती सामुदायिक वन उपभोक्ता समूह

## दुधौली न.पा. वडा नं. १४, सिन्धुली

### गोलीया काठ बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

### पहिलो पटक प्रकाशित मिति : २०८३/०५/२५

यस समूहको स्वीकृत वन कार्य योजना अनुसार यस समूहको सामुदायिक वन क्षेत्रवाट आ.व. २०८१/०८२ मा संकलन भई उत्पादन भएका काठ/दाउरा मध्ये जि.व.पै.आ.समितिलाई छुट्टयाईएको तपसिलमा उल्लेखित जात परिमाणको काठ/दाउरा समूहले फिर्ता पाईएकोले हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी कायम भएको न्यूनतम् मूल्यांकन दरमा नघटाई सिलवन्दी बोलपत्र द्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मू.अ.करमा दर्ता भएको स्थायी लेखा नम्बर प्रास तथा वन नियमावली २०७९ को नियम १२८ वमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत भएको काठको कारोवार गर्ने उद्देश्य राखी दर्ता भएका उद्योगले यो सूचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०५/२५ मा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एकाईस) दिन भित्र बोलपत्र खरिद गरी निम्न रित पु-याई वोलपत्र पत्र दाखिला गर्न हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

| क.स. | लट नं. | जात | ग्रेड | थान | क्यू.फिट | प्रति क्यू.फि. | न्यून्तम मूल्य | जम्मा न्यून्तम मूल्य | जम्मा थान | जम्मा क्यू.फि. | घाटगद्दी स्थान | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | A | ५ | ७५.८६ | १२५०।०० | ९४८२५।०० | ५४६९८२।०० | ७३ | ६८०.८६ | संखटार फेदी | |
| | | साल | B | ३१ | २९७.१९ | ९००।०० | २६७४७१।०० | | | | | |
| | | साल | C | ३७ | ३०७.८१ | ६००।०० | १८४६८६।०० | | | | | |

२.वोलपत्र फाराम रु.१०००।- तिरी (पछि फिर्ता नहुनेगरी)यस सामुदायिक वन उपभोक्ता समूह,डिभिजन वन कार्यालय, सिन्धुली वाट मिति २०८३/०५/२५ गते देखि २०८३/०६/१४ गते सम्म खरिद गर्न सकिनेछ ।

३. वोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय २०८३/०६/१५ गते दिनको १२:०० वजे माथि उल्लेखित २ वटै स्यानमा दाखिला गर्न सकिनेछ

४.वोलपत्र साथ कबोल गरेको रकमको १०(प्रतिशत) ले हुन आउने रकम धरौटी वापत यस समूहको रा.वा.वैंक कटारीमा रहेको खाता नं. २०५०१००००४४१०००१ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा यस समूहले रा.वा.वैंक कटारीवाट भुक्तानी पाउने गरी यस समूहको नाममा खिचिएको ड्राफ्ट समावेश गरी पेश गर्नुपर्ने छ ।

५. लिलाम वढावढ हुने वन पैदावार माथी उल्लेखित घाटगद्धि भएको स्थानमा आई हेर्न सकिने छ ।

६.डिभिजन वन कार्यालय सिन्धुलीवाट विक्री तथा दाखिला भएका वोलपत्रहरुको विवरण एवं दर्ता भएका वोलपत्रहरु संकलन पश्चात रित पूर्वक माथि उल्लेखित कार्यालयहरुमा दाखिला हुन आएका वोलपत्रहरु सम्वन्धित सव डिभिजन वन कार्यालय का प्रतिनिधि, वडा प्रतिनिधी र वोलपत्रपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा यस समूहको कार्यालयमा खोलिनेछ ।

७. मू.अ.करमा दर्ता भएको स्थायी लेखा नम्बर प्रास तथा वन नियमावली २०७९ को नियम १२८ वमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत भएको काठको कारोवार गर्ने उद्देश्य राखी दर्ता भएका स:मिल उद्योगले मात्र वोलपत्र खरिद गरी लिलाम प्रकृयामा भाग लिन पाउनेछ ।

८. वोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

९.. वोलपत्र केरमेट नगरी अंक र अक्षर दुवैमा भरि पेश गर्नु पर्ने छ । केर मेट भए गरेमा अक्षरमा लेखिएको सकार अंकलाई कायम गरिनेछ।

१०. वोलपत्र दाताले वोलपत्र शिलवन्दी गरेको खामको वायां तर्फवाट नाम, ठेगाना लेखि फर्मको छाप समेत लगाई खामको दायां तर्फवाट अध्यक्षलाई सम्वोधन गरी साकार गर्ने लट नं. समेत उल्लेख गर्नु पर्ने छ ।

११. म्याद नाघि रित नपु-याई वा शर्त राखी वा अन्य कुनै पनि तरिका वाट आएको वोलपत्र उपर कारवाहि गरिने छैन ।

१२. वोलपत्र दाखिला र खोलीने दिन विदा पर्न गएमा सो कार्य सो को भोलीपल्ट वा समूहको कार्यालय खुलेको दिनमा हुने छ ।

१३.लिलाम स्वीकृत भएको मितिले ४५ दिन भित्र साकार गरेको रकम, मूल्य अभिवृद्धि कर,सङ्कलन खर्च समेत वुझाई काठ/दाउरा उठाई लैजानु पर्ने छ । म्याद भित्र उक्त रकम दाखिला नगरेमा सम्वन्धित लटको धरौटी जफत गरिने छ ।

१४.वोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस समूहमा सुरक्षित रहने छ ।

१५.काठ/दाउरा संकलन, घाटगद्दी तथा ढुवानी खर्च वापतको रकम काठ/ क्यू.फिट रु ३०५।-का दरले छुट्टै जम्मा गर्नु पर्ने छ।

१६.विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

अध्यक्ष

CamScanner